निर्णय नं.१ : प्रस्ताव नं. १ का सम्बन्धमा छलफल गर्दा यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयनमा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं २ : प्रस्ताव नं.२ माथि छलफल गर्दा तिनाउ गाउँपालिकाको आर्थिक बर्ष २०८२।०८३ को बार्षिक योजना कार्यान्वयन गर्ने सन्दर्भमा वडा तथा गाउँपालिकाबाट विनियोजन भएका योजनाहरु मंसिर मसान्त सम्म सम्झौता गर्ने गरि कार्यान्वय गर्ने तथा मंसिर मसान्त भित्र सम्झौता हुन नसकेमा आवश्यक र उपयुक्त योजनाको लागि सो रकम रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो ।
साथै देशमा विकसित पछिल्लो असमान्य परिस्थितिको बाबजुद राज्यमा देखा परेको परिस्थिती अनुरुप संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकममा भारी मात्रामा कटौती हुने सम्भावना देखिएकोले चालू प्रकृतिका खर्चहरुमा उच्च मितव्ययी हुने गरि कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं ३ : प्रस्ताव नं.३ माथि छलफल गर्दा तिनाउ गाउँपालिकाको चालू आर्थिक बर्ष २०८२।०८३ को स्विकृत बार्षिक विकास कार्यक्रम अन्तर्गत प्रत्येक वडामा विनियोजित दशैं सोरसार योजनाहरु आउदै गरेको दशै लगायतका पर्वहरुलाइ मध्यनजर गर्दै आ आफ्नो वडा क्षेत्र अन्तर्गतका सडकहरु सोरसार गरि सडक सुचारु गर्ने व्यवस्था मिलाउनु हुन तथा सो को विधी तथा जानकारी वडा समितिको निर्णय सहित गाउँकार्यपालिकाको कार्यालयलाइ सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं ४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा आउदै गरेको नेपालीहरुको महान चाड विजयादशमी,शुभ दिपावली,छठ तथा नेपाल सम्बतको पावन अवसरमा समग्र जनप्रतिनिधी,कर्मचारी,शिक्षक,तथा सरोकारवाला शुभचिन्तहरुमा सुस्वास्थ्य दिर्घायु तथा उत्तरोत्तर प्रगतीको कामना साथ समृद्ध तिनाउ बनाउने अभियानमा सहकार्य तथा उत्प्रेरणा सहित शुभकामना व्यक्त गरियो ।

निर्णय नं ५ : प्रस्तावन नं.५ माथि छलफल गर्दा देहायबमोजिमको सर्वसम्मत निर्णयहरु गरियो ।

क. तिनाउ गाउँपालिकाको स्विकृत बार्षिक विकास कार्यक्रम अनुरुप बिशेष अनुदान स्वरुप प्राप्त देहायका कार्यक्रमहरु *तिनाउ गुणस्तरिय शैक्षिक विकास तथा साक्षरता सुधार परियोजना र तिनाउ कृषि तथा पशुपक्षी व्यावसाय प्रबर्द्धन कार्यक्रम* कार्यान्वयन गर्न शाखाबाट तयार भइ पेश भएका निम्नानुसारका कार्यविधीहरु स्विकृत गर्ने ।

अ.तिनाउ गुणस्तरिय शैक्षिक विकास तथा साक्षरता सुधार परियोजना कार्यान्वयन कार्यविधी,२०८२

आ.तिनाउ कृषि तथा पशुपक्षी व्यावसाय प्रबर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधी,२०८२